नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग

जरुरी

☎ ४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :-
च. नं. :- ४९१

मिति : २०७४।१२।१९

विषय : पेश्की तथा बेरुजु फछ्र्यौट गर्ने निर्देशन ।

श्री जिल्ला वन अधिकृत,
श्री जिल्ला वन कार्यालयहरु - सवै ।

चालु आ.व.२०७४।७५ को लागि यस विभाग र अन्तर्गत कार्यालयहरुले ६०% बेरुजु फछ्र्यौट गर्नु पर्ने गरी लक्ष्य तोकिएको र सो लक्ष्य प्राप्ती हुने गरी फछ्यौट गर्नका लागि विभागबाट पटक पटक लिखित एवम् मौखिक जानकरी गराईएको भए तापनि हालसम्मको बेरुजु फछ्र्यौटको प्रगति सन्तोषजनक नभएकोले लक्ष्य अनुसार प्रगति हासिल गर्न मा. मन्त्रीज्यू र श्रीमान सचिवज्यूबाट निरन्तर निर्देशन भईरहेको छ । यसै परिप्रेक्ष्यमा तोकिएको लक्ष्य प्राप्ति गर्न निम्नानुसारका कार्यहरु तत्काल गर्न र बेरुजु फछ्र्यौटको प्रगति साप्ताहिक रुपमा लिखित वा मौखिक रुपमा विभागमा गर्नु हुनसमेत निर्देशन गरेको छु ।

**तत्काल गर्नु पर्ने कार्यहरु :**

१. कार्यरत कर्मचारीहरुका नाममा रहेका असुल उपर गर्नुपर्ने बेरुजु रकम असुल गर्ने । सवै प्रकारका बाँकी रहेको पेश्की फछ्र्यौट गराउने । पेश्की लिएर काम नगर्ने कर्मचारी वा संस्थाबाट पेश्की दिएको मितिबाट असुल गरेको मितिसम्मको ब्याजसमेत असुल गर्ने । मिति २०७४ चैत १ गतेबाट बेरुजु वा पेश्की बाँकी रहेका कुनै पनि कर्मचारीको तवब भत्ता वा सरकारी सुविधा भूक्तानी नगर्ने ।

२. प्रमाण जुटाउनु पर्ने प्रकारका बेरुजुहरुको प्रमाण जुटाई सवै प्रकृतिका अनियमित बेरुजुहरु नियमित गर्ने तर्फ कार्वाही शुरु गर्ने । बेरुजु नियमितका लागि पेश गर्दा के कारणले अनियमित खर्च भएको हो ? तत्कालिन अवस्थामा खर्च गर्ने पर्ने अवस्था किन आएको थियो ? के कारणले त्यस वखत प्रमाण पुर्याउन सकिएन ? प्रकृयागत कमजोरी मात्र हो वा सरकारी हानी नोक्सानी नै भएको छ ? कर्मचारीको लापरवाहीले भएको भए त्यसमा जिम्मेवार को को हुन ? आदि पक्षमा विचार गरी जिल्ला वन अधिकृतको ठोस रायसहित टिप्पणी फायल पेश गर्ने ।

३. कुनै वन समूहहरुका नाममा कुनै प्रकारको बेरुजु बाँकी रहेको भए बेरुजु फछ्यौट नहुँदासम्म ती समूहहरुलाई कुनै पनि किसिमको आर्थिक वा सरकारी सुविधा उपलब्ध नगराउने ।

४. काठको मौज्दातसँग सम्वन्धित लगती राजश्व वेरुजु फछ्र्यौट गर्न आवश्यक प्रमाणहरु जुटाउने । असुल, नियमित वा मिन्हा गर्नु पर्ने प्रकृतिको राजश्व बेरुजु पहिचान गरी प्रमाण सहित पेश गर्ने ।

**बोधार्थ:**
**श्रीमान् सचिवज्यू, बन तथा वातावरण मन्त्रालय सिंहदरवार ।**

(कृष्ण प्रसाद आचार्य)
महानिर्देशक